**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २६ मार्च २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज बेल्जियमका प्रधानमन्त्री अलेक्जेन्डर डे क्रोसँग फोनमा कुराकानी गर्नुभयो।

२. केन्द्रीय मन्त्री तथा डिब्रूगढ लोकसभा सीटका भाजपा उम्मेदवार सर्वानन्द सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीले देशलाई बलियो बनाएको बताउनु भयो।

३. दार्जीलिङ लोकसभा संसदीय आसनमा भाजपाबाट पुनः दोस्रोचोटि टिकट पाई दिल्लीबाट आज फर्किएका निवर्तमान सांसद राजु विष्टलाई बाघडोग्रा हवाइअड्डामा जनाइयो स्वागत।

४. भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अध्यक्ष एवम् जीटीएका प्रमुख कार्यपाल अनित थापाले यसपालिको चुनाउ थोपिएकालाई होइन रोजेको उम्मेदवारलाई जिताएर इतिहास रच्ने मौका हो भनी बताउनु भयो।

५. गत हप्ताको बुधबारदेखि लगातार परेको वर्षाको कारण बन्द भएको राष्ट्रिय राजमार्ग-१० आज पनि खोलिएन। यसले गर्दा कालेबुङ अनि सिलगढीका वाहनहरू लाभाको बाटो भएर आउजाउ गरिरहेका छन।

**प्रधानमन्त्री-बेल्जियम पीएम**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बेल्जियमका प्रधानमन्त्री अलेक्जेन्डर डे क्रोसँग फोनमा कुराकानी गर्नुभयो। दुवै नेताले व्यापार, लगानी, स्वच्छ प्रौद्योगिकी, सेमीकन्डक्टर, औषधि र हरित हाइड्रोजनलगायतका विभिन्न क्षेत्रमा द्विपक्षीय सम्बन्धलाई थप सुदृढ पार्ने उपायबारे छलफल गर्नुभयो । बातचीतका क्रममा, प्रधानमन्त्री मोदीले ब्रुसेल्समा पहिलो परमाणु ऊर्जा शिखर सम्मेलन सफलतापूर्वक आयोजना गरेकोमा बेल्जियमका प्रधानमन्त्रीलाई बधाई दिनुभयो। दुवै नेताहरूले बेल्जियमको अध्यक्षतामा युरोपीय संघ परिषद् अन्तर्गत भारत-युरोपीय संघ रणनीतिक साझेदारीलाई अझ सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गरे। उहाँहरूले क्षेत्रीय र वैश्विक विकासका बारेमा विचार आदान-प्रदान गर्नुभयो।

****** ० ******

**सोनोवाल -प्रधानमन्त्री**

निवर्तमान केन्द्रीय मन्त्री तथा डिब्रुगढ लोकसभा सीटका भाजपा उम्मेदवार सर्वानन्द सोनोवालले प्रधानमन्त्री नरेन्द्र मोदीले देशलाई बलियो बनाएको बताउनु भयो। मंगलबार डिब्रुगढमा भाजपा उम्मेदवारको रूपमा नामाङ्कन पत्र दर्ता गरेपछि मिडियासँग कुरा गर्दै उहाँले उक्त कुरा बताउनु भएको हो। श्री सोनोवालले नरेन्द्र मोदीको नेतृत्वमा देशका १४० करोड जनताले सम्मानपूर्वक बाँच्ने अधिकार पाएको बताउनु भयो । श्री सोनोवालले भन्नुभयो भाजपाको शासनकालमा देशमा विकासको एक नयाँ कीर्तिमान कायम भएको छ । उहाँले बीजेपी र एनडीएका सबै घटक पार्टीहरू आगामी लोकसभा चुनावमा राज्यका सबै 14 सीटहरू जित्नका लागि मिलेर काम गरिरहेको बताउनु भयो।नामाङ्कन पत्र दर्ता गर्नुअघि आयोजित चुनावी कार्यक्रमलाई पनि सोनोवालले सम्बोधन गर्नु भएको थियो । यस कार्यक्रममा सोनोवालका साथमा प्रदेश भाजपा अध्यक्ष भावेश कलिता, असम गण परिषदका कार्यकारी अध्यक्ष तथा राज्यका स्वास्थ्यमन्त्री केशव महन्त, असम सरकारका धेरै मन्त्रीहरू, भाजपाका विधायकहरू र पार्टीका अन्य नेता तथा कार्यकर्ताहरू उपस्थित थिए।

****** ० ******

**सीतारामन-अटल पेन्शन योजना**

वित्त मन्त्री निर्मला सीतारमणले अटल पेन्सन योजना स्वचालित प्रिमियम भुक्तानीमा आधारित रहेको बताउनु भयो। श्रीमती सीतारामनले सोशल मिडिया पोस्टमा भन्नुभयो कि यो लाभकारी योजना ग्राहकहरूको हितमा छ। वित्तमन्त्री सीतारमनले कांग्रेस नेता जयराम रमेशले यस योजनालाई लिएर गरेको आलोचनाको जवाफ दिँदै यसो भन्नु भएको हो। उहाँले श्री रमेश एउटा राम्रो पेन्सन योजना बनाउने आधारभूत सिद्धान्तबारे अनभिज्ञ रहेको दाबी गर्नुभयो। श्रीमती सीतारामनले भन्नुभयो कि अटल पेन्सन योजनाले ग्यारेन्टीयुक्त रिटर्न दिन्छ र सरकारले सब्सिडीको भुगतान गर्छ। अहिले यो योजनामा आठ प्रतिशतभन्दा बढी रिटर्न प्राप्त भइरहेको पनि वित्तमन्त्रीले बताउनु भयो।

****** ० ******

NBSTC

जीटीएका प्रमुख कार्यपाल अनित थापाले आज NBSTC का केही अधिकारीहरू सँग भेटघाट गर्नुभएको छ। भेटघाटको समय आफूहरूले दार्जीलिङ्ग पहाडमा हुने ट्राफिकको समस्या माथि विमर्श गरेको अनि भेटघाट सौहार्द पूर्ण अनि फलदायक रहेको उहाँले सामाजिक सञ्जाल मार्फत जानकारी दिनुभएको छ। बसहरूका कारण पहाडको साँघुरो बाटोमा ट्राफिक समस्या बढिरहेको चालकहरू द्वारा गुनासोहरू पनि आइरहेको अनि आजको भेटघाटमा उक्त समस्या समाधानमा महत्वपूर्ण छलफल भएको बताउनुभयो।

****** ० ******

**श्रीरामपुर**

लोकसभा चुनावको घोषणापछि पश्चिम बंगालमा राजनैतिक दलहरू बीच राजनैतिक प्रतिस्पर्धा शुरू भइसकेको छ। यस्ता विभिन्न सिटहरूमध्ये श्रीरामपुर लोकसभा सिटमा एक हो। जसको कारण तृणमूल सांसद कल्याण ब्यानर्जी बताइएको छ। वरिष्ठ अधिवक्ता कल्याण ब्यानर्जी विवादित बयान अनि अनौठो व्यवहारका कारण चर्चामा रहने गर्छन्। भर्खरै तिनी उपराष्ट्रपति जगदीप धनखडको मिमिक्री गरी आलोचनाको घेरामा थिए। तृणमूल कांग्रेसले यसपटक पनि श्रीरामपुरबाट तिनलाई नै उम्मेद्वार बनाएको छ। अर्कोतिर भाजपाले उनको विरूद्ध कबीर शङ्कर बोललाई मैदानमा उतारेका छन् जो एक जुझारू नेता हुन्।

****** ० ******

**अभिजीत गांगुली**

कलकत्ता हाईकोर्टका न्यायाधीश पदबाट राजीनामा दिएर भाजपामा सामेल भएपछि तमलुक लोकसभा सीटबाट भाजपा उम्मेदवार जस्टिस अभिजीत गांगुलीको बयानले हंगामा मच्चिएको छ। एउटा च्यानलसित बातचीतका क्रममा महात्मा गान्धी र नाथूराम गोडसे सम्बन्धी श्री गांगुलीले दिएको टिप्पणीको कांग्रेसले आलोचना गरेको छ। गान्धी र गोडसेमध्ये कुनै एकलाई रोज्ने प्रश्नको जवाफमा उहाँले भनेका थिए, महात्मा गान्धीको हत्या निश्चित रूपमा स्वीकार्य छैन तर एक कानुनी पेशावरको नातामा म यही भन्छु कि कुनै पनि कुराको अर्को पक्षलाई पनि विचार गर्नुपर्छ। गोडसेले गान्धीलाई किन मारे, यसबारे पढ्न आवश्यक छ। उहाँले भन्नुभयो गान्धी र गोडसेमध्ये कुनै एकको चयन म तबसम्म गर्न सक्दिन जबसम्म दोस्रो पक्षलाई बुझ्दिनँ। उहाँले गान्धीको हत्याको पछाड़ी षड़यन्त्रको सङ्केत गर्दै भन्नुभयो ऐतिहासिक घटनाहरूका सबै पक्षहरूलाई जाँच्नुपर्ने आवश्कता छ। यसलाई लिएर कांग्रेसले प्रश्न उठाएको छ। पार्टीका राष्ट्रिय महासचिव जयराम रमेशले यस मामिलामा प्रधानमन्त्री मोदीले प्रत्यक्ष हस्तक्षेप गर्ने माग गर्दै जस्टिस गांगुलीको उम्मेदवारी खारेज गर्ने माग उठाउनु भएको छ।

****** ० ******

**राजु विष्ट**

दार्जीलिङ लोकसभा संसदीय आसनमा भाजपाबाट पुनः दोस्रोचोटि टिकट पाई दिल्लीबाट आज फर्किएका निवर्तमान सांसद राजु विष्टलाई बाघडोग्रा हवाइअड्डामा पार्टी समर्थक र कार्यकर्ताहरूले नौमती बाजा, ढोल-नङरा आदि बजाउँदै भव्य स्वागत जनाए। उहाँलाई स्वागत जनाउन आज बिहानैदेखि पहाड़, तराई अनि समतलका भाजपा अनि गोरामुमो समर्थकहरूको बाघडोग्रा हवाइअड्ड़ामा व्यापक भीड़ लागेको थियो। उहाँलाई स्वागत जनाउन दार्जीलिङ जिल्ला भाजपा हिल अध्यक्ष कल्याण देवान, गोरामुमो सेक्रेटरी जनरल एवम् दार्जीलिङका विधायक निरज जिम्बा लगायत सिलगढ़ी अनि पहाड़का भाजपा नेतृत्वहरूको उपस्थिति थियो। भाजपा प्रार्थी श्री विष्टले आफूलाई दोस्रोचोटि पनि दार्जीलिङबाट प्रार्थीको रूपमा टिकट दिएकोमा सबैप्रति कृतज्ञता प्रकट गर्दै आफूले यस क्षेत्रका लागि अझ काम गर्ने बताउनु भयो। विष्टले भन्नुभयो म यहाँ पर्मानेन्ट छु, म पर्मानेन्ट भएपछि यहाँको

पर्मनेन्ट सोल्युशन पनि हुनेछ। उहाँले स्वतन्त्र उम्मेदवारको रूपमा चुनाउ लड्ने खरसाङका भाजपा विधायकलाई शुभकामनासमेत दिनु भयो। यता, गोरामुमो अध्यक्ष मन घिसिङ राजु विष्टसितै दिल्लीबाट आज आउनु भएको थियो। यस अवसरमा उहाँले जनताको मागअनुसार नै राजु विष्टले टिकट पाएकोमा सबै खुशी भएको मन्तव्य पोख्नुभयो। यसपालिको चुनाउमा सय प्रतिशत राजु विष्टको जीत हुने पनि घिसिङले दाबी गर्नु भयो।

****** ० ******

**अनित थापा**

जीटीए-को सिटोङ-लाटपञ्चर समष्टिमा आयोजित चुनावी सभामा बोल्दै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा अध्यक्ष एवम् जीटीएका प्रमुख कार्यपाल अनित थापाले यसपालिको चुनाउ थोपिएकालाई होइन रोजेको उम्मेदवारलाई जिताएर इतिहास रच्ने मौका हो भनी बताउनु भयो। उहाँले यसपालिको भोट हाम्रो निम्ति चुनौतीको भोट हो भन्दै धेरै वर्षपछि पहाडको सत्तासिन पार्टीले जित्ने मौका रहेको बताउनु भयो। उहाँले भन्नुभयो यसपाली हामीले इतिहास रच्नु नै पर्छ, पहाडले एकताको परिचय दिने समय आएको छ। श्री थापाले गोपाल लामालाई भागोप्रमो पार्टीले पाउनु ठूलो उपलब्धि रहेको र चुनावमा जित्नुभन्दा पनि ठूलो गोपाल लामा जस्तो सक्षम अभिभावक पाउनु रहेको बताउनु भयो।

****** ० ******

**कालेबुङ – राजमार्ग**

गत हप्ताको बुधबारदेखि लगातार परेको वर्षाको कारण बन्द भएको राष्ट्रिय राजमार्ग-10 आज पनि खोलिएन। जसले गर्दा कालेबुङ अनि सिलगढीका वाहनहरू लाभाको बाटो भएर आउजाउ गरिरहेका छन्। वर्षाको कारण राष्ट्रिय राजमार्ग-10 को विभिन्न क्षेत्रहरू क्षतिग्रस्त भएपछि राजमार्ग भएर यात्रा गर्न जोखिमपूर्ण भएकोले राष्ट्रिय राजमार्ग-10 लाई बन्द राख्दै कालेबुङ जिल्ला प्रशासनले यातायातको रुटलाई डाइभर्ट गरिदिएको छ। राष्ट्रिय राजमार्ग १०- को लिखुभिरमा लगातार ढुङ्गा खस्दा यात्रु र सवारी साधनको सुरक्षालाई ध्यानमा राखी कालेबुङ जिल्ला प्रशासनले उक्त निर्णय लिएको बताइएको छ। यता कालेबुङ जिल्लापाल बालासुब्रमण्यम टीले पीडब्ल्युडीले राष्ट्रिय राजमार्ग -10 मा यातायात सुचारू गर्न काम गरिरहेको जानकारी गराउनु भएको छ। राष्ट्रिय राजमार्ग-10 मा काम सिद्धिएपछि जानकारी गराउने बताउँदै तबसम्म कालेबुङ जिल्ला प्रशासनले दिएको गाइड लाइन अनुसार यातायातमा वैकल्पिक मार्ग प्रयोग गरिदिने उहाँले अपिल गर्नु भएको छ।

****** ० ******

**भाजपा उम्मेद्वार**

लोकसभा चुनाउसँगै थुप्रै राज्यहरूमा विधानसभा उपचुनाउ हुने भएको छ। पश्चिम बंगालमा पनि वामनगोला र बराहनगर विधानसभा आसनमा उपचुनाउ हुँदैछ। यसका लागि भारतीय जनता पार्टीले आज उम्मेदवारहरूको सूची जारी गरेको छ। वामनगोलाबाट भास्कर सरकारलाई टिकट दिइएको छ भने बराहनगर विधानसभा आसनबाट कोलकाता नगरनिगमका पार्षद सजल घोष चुनावी मैदानमा ओर्लिएका छन्।

****** ० ******

**विद्यावरिधि**

बिजनबारी कैजलें बजार निवासी सफलमणि प्रधानले सफलतापूर्वक विद्यावरिधि (पीएचडी) पूर्ण गरेका छन् । रसायन शास्त्रमा क्युसो इन्स्टिट्यूट अफ टेक्नोलोजी जापानबाट उनले विद्यावरिधि पूर्ण गरेका हुन्।विद्यावरिधि पूर्ण गरेपछि डा. सफलमणि प्रधानले अब पोस्ट डाक्टरल अध्ययन गर्नको निम्ति पोस्ट डाक्टरल रिसर्चरको रूपमा युनिभर्सिटी अफ इलेक्टरो कम्युनिकेशन टोकियोमा आगामी १ मार्चदेखि अध्ययन शुरू गर्नेछन्।डा. सफलमणि प्रधानले आफ्नो विद्यावरिधि पूर्ण हुनको पछिल्तिर आफ्नो माता- पितालगायत प्रधान परिवारको ठूलो भूमिका रहेको बताएका छन

****** ० ******

**नागाल्याण्ड नामांकन**

पिपल्स लोकतान्त्रिक गठबन्धन-पीडीएका सर्वसम्मत उम्मेदवार डा. चुम्बेन मुरीले नागाल्याण्डको एकमात्र लोकसभा सिटका लागि नामाङ्कन दर्ता गरेका छन् । पीडीए गठबन्धनमा  नेशनलिस्ट डेमोक्रेटिक प्रोग्रेसिव पार्टी, भारतीय जनता पार्टी, नेशनलिस्ट कांग्रेस पार्टी, जनता दल युनाइटेड, आरपीआई अठावले गुट, लोक जनशक्ति पार्टी-रामविलास गुट, नेशनल पिपुल्स पार्टी, नागा पिपुल्स फ्रन्ट र स्वतन्त्र दलहरू सामेल छन्।इण्डियन नेशनल कांग्रेस उम्मेदवार एस. सुपोङमेरेन जामिरले पनि आफ्नो नामाङ्कन दर्ता गरेका छन् । आगामी लोकसभा चुनावका लागि नागाल्याण्डमा अहिलेसम्म तीनजना उम्मेदवारले नामाङ्कन बुझाएका छन्। पहिलो चरणको निर्वाचनका लागि नामाङ्कन दर्ता गर्ने भोलि अन्तिम दिन हो ।

****** o ******

**पेशोक**

आज ह्याप्पी हेल्थ इण्डिया पेशोक इकाई द्वारा एक दिने स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न गरियो। इकाईका फिल्ड कर्मी शरण कुमार छेत्रीले संचालन गरेको उक्त सवास्थ्य सचेतना कार्यक्रममा स्थानीय फिल्ड कर्मी निर्मल तामङ अनि कालेबुङ देखि आएकी ममता प्रधानले आफ्नो अनुभव साझा गरे भने कालेबुङ बाट आएका मुख्य वक्ता मनोज राईले स्वास्थ्य बारे विस्तृत जानकारी गराएका थिए।

************